नि.प्रमुख सचिव

# जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारलाई रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

प्रदेश नं. १ सरकारको आ.व. २०७९।०८० को स्वीकृत बार्षिक बजट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारलाई रकम प्रदान गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रदेश नं. १ विनियोजन ऐन,२०७९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारलाई रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७९ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आन्दोलन" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलन सम्झनु पर्छ।

(ख) "सहादत प्राप्त गर्नेका परिवार" भन्नाले आन्दोलनको क्रममा कुनै पनि सदस्य मृत्यु भएको परिवारलाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्छ ।

३. रकम उपलब्ध गराउने : जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने परिवार प्रदेश नं. १ स्थायी बसोबास भएका प्रचलित कानून बमोजिमको हकवालालाई रु. १,००,०००।— (अक्षेरुपी एक लाख) रकम उपलब्ध गराइने छ ।

४. सूचना प्रकाशन गर्नु पर्ने : (१) यस कार्यविधि बमोजिम जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारले रकम उपलब्ध गराईपाउँ भन्ने निवेदन दिन मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेभसाइटमा समेत राख्नु पर्नेछ ।

(२) यसरी सूचना प्राप्त भए पश्चात सम्बन्धित परिवारले आफ्नो स्थाई ठेगाना भएको जिल्ला प्रशासन कार्यालयमा गई देहायको कागजात सहित निवेदन दिनु पर्नेछ ।

सचिव

(क) जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारको सदस्य सहादत प्राप्त गरेको विवरण खुल्ने कागजात वा परिचयपत्र वा नेपाल सरकारबाट आन्दोलनको क्रममा मृतकको परिवार भएको प्रमाणित गर्ने आधिकारिक कागजात ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

५. <u>रकम पठाउनु पर्ने :</u> (१) जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारलाई रकम उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयले नाम नामेसी सहितको विवरण पठाउने सो विवरणको आधारमा मन्त्रालयले १४ वटै जिल्ला प्रशासन कार्यालयलाई रकम उपलब्ध गराउनेछ ।

(२) दफा (४) को उपदफा (२) बमोजिम निवेदन आएमा समबन्धित जिल्ला प्रशासन कार्यालयले मृतकको परिवार एकिन गरी रकम भुक्तानी गर्नुपर्ने छ ।

६. <u>दोहोरो भुक्तानी सम्बन्धमा :</u> जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारले स्थानीय तह वा संघबाट यस प्रकृतिको रकम लिइसकेको भए तापनि यस कार्यविधि बमोजिम भुक्तानी पाउन बाधा पर्ने छैन ।

७. <u>रकम माग गर्न सक्ने :</u> दफा ५ (१) बमोजिम भुक्तानीको लागि रकम नपुग भई थप रकम आवश्यक भएको खण्डमा सम्बन्धित जिल्ला प्रशासन कार्यलयले रकम माग गर्न सक्नेछ ।

८. <u>हिसाब मिलान गर्नुपर्ने :</u> चालु आर्थिक वर्षको असार मसान्तभित्र जिल्ला प्रशासन कार्यालयले मन्त्रालयसँग दफा (५) र (७) बमोजिम पठाइएको रकम र खर्चको हिसाब मिलान गर्नुपर्नेछ ।

९. <u>बाधा अड्काउ फुकाउ :</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयको रहनेछ ।

प्रदेश सचिव